# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बैढौली, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या :-२०७९/८०
चलानी नम्बर :- ३२९

मिति :२०७९/०५/१२

विषयः सामाजिक सुरक्षा भत्ता लाभग्राही सुचिकरण सम्बन्धमा ।

श्री सबै वडा कार्यालयहरु
यशोधरा गा.पा.को कार्यालय,बैढौली ,क.व.

प्रस्तुत बिषयमा राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभागको,पं.सं. २०७९।०८० च नं. २८० मिति २०७९।०५।१० को प्राप्त पत्र यसै पत्र साथ संलग्न गरि पठाईएको छ । सोही अनुसार गर्नु गराउन हुन व्यहोरा साथ जानकारी गराईन्छ । साथै योग्य लाभग्राहीहरुको निबिदन प्राप्त भएको महिना भित्रै सम्बन्धित वडाले समयमा अनलाईन प्रणालीमा प्रविष्टि नगरेको कारण लाभग्राहीको सामाजिक सुरक्षा भत्ता छुट भएमा सम्बन्धित वडा नै स्वयं जिम्मेवार हुनुपर्ने व्यहोरा समेत अनुरोध छ ।

कृष्ण नाथ पाण्डेय
सामाजिक बिकास अधिकृत

→ श्री सूचना प्र. शाखा !
कार्यालयको वेभसाईटमा अपलोड गर्नुहुन ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७९/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- २८०

मिति : २०७९/५/१०

विषयः  सामाजिक सुरक्षा भत्ता लाभग्राही सूचीकरण सम्वन्धमा।

श्री स्थानीय तह सबै।

प्रस्तुत विषयमा कतिपय स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य व्यक्तिको निवेदन प्राप्त भएपछि निवेदन दिएको महिनाभित्रमा नै अनलाइन प्रणालीमा प्रविष्टि नगरेको कारणले लाभग्राहीहरुले निवेदन दिएको अर्को महिनादेखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नसक्ने अवस्था भएको जानकारी प्राप्त भएको छ। सो सम्वन्धमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा (१२) र सामाजिक सुरक्षा नियमावली, २०७६ को दफा (५) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य व्यक्तिले आफु वसोबास गरिआएको वडाको वडा कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था छ। साथै ऐ ऐ नियमावलीको नियम (११) मा यसरी निवेदन दिएका योग्य व्यक्तिले निवेदन दिएपछिको महिनादेखि सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था रहको छ।

यस विभागको अनलाइन प्रणालीमा जुन महिना प्रविष्टि गरिन्छ सोही महिना नै लाभग्राहीको निवेदन मिति कायम रहने हुँदा लाभग्राही निवेदकले निवेदन गरेको महिना भित्रै अनलाइन प्रणालीमा प्रविष्टि गरिसक्नु पर्ने हुन्छ। तसर्थ सोही वमोजिम लाभग्राही विवरण प्रविष्टि गरि गराई सूचीकरण गर्नु गराउनु हुन अनुरोध छ। योग्य लाभग्राहीहरुको निवेदन प्राप्त भएको महिना भित्रै स्थानीय तहले अनलाइन प्रणालीमा प्रविष्टि नगरेको कारण लाभग्राहीको सामाजिक सुरक्षा भत्ता छुट भएमा सम्वन्धित व्यक्ति/निकाय नै जिम्मेवार हुनुपर्ने व्यहोरा समेत अनुरोध छ।

श्री सा.सु./परिचयपत्र शाखा इ.
वडा कार्यालयहरुमा जानकारी
गराइनु हुन । [signature]
०७९/०५/१२

२०७९/०५/१०
(मेघ राज शंकर)
शाखा अधिकृत

यशोधरा गाउँपालिका
बैदौली, कपिलवस्तु
दर्ता नं. ४८९
मिति. २०७९/५/१२

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np